# विद्यार्थी सेट (ख)

## निदानात्मक परीक्षा

**कक्षा : ७** **विषय : नेपाली**

**विद्यार्थीको नाम:** ..........................................................................................................

**विद्यालयको नाम:** .................................................................... **जिल्ला:**..........................

**तपाईं: छात्र** ☐ **छात्रा** ☐ **स्थानीय तह:**...............................

**१. दिइएका अर्थसँग मिल्ने शब्द तालिकाबाट पहिचान गरी खाली ठाउँमा लेख्नुहोस् : (२)**

| | | | |
|---|---|---|---|
| शताब्दी | विवेकशील | अपरेटर | परीक्षण |

(क) मेसिन, यन्त्र आदि चलाउने व्यक्ति ............................

(ख) जाँच गर्ने काम ............................

(ग) विवेक भएको ............................

(घ) सय वर्षको समय वा अवधि ............................

**२. दिइएको अनुच्छेद जस्ताको त्यस्तै सार्नुहोस् : (४)**

मलाई राम्रा चित्र हेर्न र बनाउन बस्दा अत्यन्त रमाइलो लाग्छ । मन र आँखाले देखेका सुन्दर कुराको चित्र बनाएरै जीवन बिताउँ जस्तो लाग्छ । रोगीहरूको उपचार गरी उनीहरूलाई निको बनाएको देख्दा डाक्टर वा नर्स बन्न मन लाग्छ । देश विकासको कुरा गर्दा मलाई इन्जिनियर, व्यापारी, उद्योगपति तथा कृषक बन्न सके हुन्थ्यो जस्तो लाग्छ । स्वदेशका उत्पादनलाई विदेशमा बेचेर देशलाई धनी बनाउने इच्छा जाग्छ ।

..........................................................................................................

..........................................................................................................

..........................................................................................................

..........................................................................................................

..........................................................................................................

..........................................................................................................

..........................................................................................................

..........................................................................................................

## ३. शिक्षकले भनेका वाक्य सुनेर लेख्नुहोस् : (४)

..........................................................................................................

..........................................................................................................

..........................................................................................................

..........................................................................................................

## ४. दिइएको अनुच्छेद अध्ययन गरी सोधिएका प्रश्नको उत्तर लेख्नुहोस् : (३)

विद्यार्थी जीवन असल बानी विकासको समय हो । यस समयमा विकास गरेको बानी जीवनभरि रहने गर्छ । यस समयमा खानपान र उठबसमा विशेष ख्याल गर्नुपर्छ । आफ्नो शरीर र व्यक्तित्वलाई फाइदा नपुग्ने कुराबाट टाढा रहनुपर्छ । यसो गर्न सके जीवनको सुखभोग गर्न सकिन्छ । जीवनमा परिश्रमी बन्नुपर्छ । परिश्रम गर्ने बानी यही समयदेखि बसाउँदै गरियो भने जीवन भोगाइ सजिलो हुन्छ । समयमा सुत्नेउठ्ने तथा उचित आहारविहार गर्ने बानी विकास गर्नुपर्छ । पढाइमा मिहिनेत गर्ने, अरूप्रति सहयोगी भावना राख्ने जस्ता बानीको विकास गर्नुपर्छ ।

**प्रश्नहरू**

(क) विद्यार्थी जीवन कस्तो बानीको विकास गर्ने समय हो ?

..........................................................................................................


(ख) विद्यार्थी जीवनमा खानपान र उठबसमा विशेष ख्याल किन गर्नुपर्छ ?

..........................................................................................................

(ग) विद्यार्थी जीवनलाई सदुपयोग गर्ने दुईओटा उपाय के के हुन् ?

..........................................................................................

**५. दिइएको चित्र अध्ययन गरी चित्रका बारेमा पाँच वाक्य लेख्नुहोस् : (५)**



**(क)** ..........................................................................................

**(ख)** ..........................................................................................

**(ग)** ..........................................................................................

**(घ)** ..........................................................................................

**(ङ)** ..........................................................................................

**६. दिइएको बधाई पत्रको अध्ययन गरी विद्यालयमा आयोजना गरिएको निबन्ध लेखन प्रतियोगितामा प्रथम हुन सफल तपाईंको साथीलाई दिइने बधाई पत्रको नमुना तयार गर्नुहोस् :(३)**

***हार्दिक बधाई***

यस विद्यालयको ७ कक्षामा अध्ययनरत छात्रा तपाइँ आस्था शर्माले जिल्लास्तरीय लोकनृत्य प्रतियोगितामा प्रथम स्थान हासिल गर्न सफल हुनुभएकामा उत्तरोत्तर प्रगतिको कामना गर्दै हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दछौं ।

प्रधानाध्यापक
तथा
जनता माध्यमिक विद्यालय परिवार
दार्चुला

**७. दिइएका बुँदाका आधारमा एउटा कथा लेख्नुहोस् :** (४)

ढुङ्गा र माटो मान्छे जस्तै बोल्नु ...। ढुङ्गा र माटाको राम्रो मेल हुनु...। उनीहरूको मित्रता देखेर अरूलाई इर्ष्या लाग्नु...। उनीहरूले एकअर्कालाई सहयोग गर्नु...। एकअर्काको सहारा बन्नु...। एक रात ठुलो पानी पर्नु...। ढुङ्गाले माटालाई थिच्नु...। माटाले पनि ढुङ्गालाई समात्नु...। केही समयपछि ढुङ्गालाई माटाभन्दा ठुलो हुँ भन्ने घमण्ड जाग्नु...। माटालाई पनि ढुङ्गाभन्दा ठुलो हुँ भन्ने घमण्ड जाग्नु...। उनीहरू झगडा गरी एकअर्कालाई सहयोग नगर्नु...। उनीहरूबिच बोलचाल बन्द हुनु...। अर्को दिन घनघोर पानी पर्नु...। पानीले माटो बगाउनु...। ढुङ्गो पनि पल्टिएर टुक्रा टुक्रा हुनु ...। एकता र सहयोगको अभावमा दुवैको सर्वनाश हुनु ।

....................................................................................................

....................................................................................................

....................................................................................................

....................................................................................................

....................................................................................................

....................................................................................................

....................................................................................................

....................................................................................................

....................................................................................................

....................................................................................................

८. 'परिश्रमको महत्त्व' शीर्षकमा १०० शब्दमा नघटाई निबन्ध लेख्नुहोस् । (५)

समाप्त